जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक १८६ • २०८३ बैशाख १४ गते सोमवार • 27 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## जलेश्वरमा रतौली युवा क्लबद्वारा आयोजित प्रारम्भिक बालविकास शिक्षकहरूका लागि ५ दिने तालिम सम्पन्न

**मो.इर्शाद**
**महोत्तरी, १३ बैशाख**

महोत्तरीको जलेश्वरमा प्रारम्भिक बालविकास केन्द्रका शिक्षकहरूका लागि आयोजित पाँच दिने विशेष तालिम आइतबार सफलतापूर्वक सम्पन्न भएको छ । "गुणस्तरीय समावेशी प्रारम्भिक बालविकास तथा शिक्षाका लागि साझेदारी" भन्ने मूल नाराका साथ वैशाख ९ गतेदेखि सुरु भएको सो तालिम शिक्षकहरूको दक्षता अभिवृद्धि गर्दै सम्पन्न भएको हो ।

रतौली युवा क्लब (च्थ्क्र) को आयोजना, सेभ द चिल्ड्रेन र सार्क डेभलपमेन्ट फण्डको साझेदारी तथा पिपरा गाउँपालिकाको समन्वयमा यो कार्यक्रम सञ्चालन गरिएको थियो । जलेश्वर-२ स्थित मामाज किचनको सभाहलमा आयोजित तालिमको मुख्य उद्देश्य शिक्षकहरूलाई पाठ्यक्रममा आधारित साक्षरता र गणितीय सीपका बारेमा दक्ष बनाउनु रहेको आयोजकले जनाएको छ। तालिमको मुख्य उद्देश्य पिपरा गाउँपालिकाका सामुदायिक विद्यालयमा कार्यरत



प्रारम्भिक बालविकास केन्द्र (ECED) का शिक्षकहरूलाई पाठ्यक्रममा आधारित साक्षरता र गणितीय सीपका बारेमा दक्ष बनाउनु रहेको थियो । तालिमका दौरान शिक्षकहरूलाई निम्न विषयमा प्रशिक्षित गरिएको थियो:

सर्वाङ्गीण विकास: एकीकृत बालविकासको मर्म अनुसार बालबालिकाको शारीरिक, मानसिक र रचनात्मक विकासका लागि क्रियाकलाप सञ्चालन गर्ने। स्थानीय सामग्रीको प्रयोग: महँगो शैक्षिक सामग्रीको साटो स्थानीय स्तरमै उपलब्ध वस्तुहरूबाट सिकाउने सामग्री निर्माण गर्ने । अभिलेख व्यवस्थापन: बालबालिकाको दैनिक प्रगति र केन्द्रका गतिविधिहरूलाई व्यवस्थित रूपमा अभिलेख राख्ने सीप। तालिमको समापन समारोहमा बोल्दै रतौली युवा क्लबका अध्यक्ष शाकिर खानले बालबालिकाको भविष्य निर्माणको पहिलो खुड्किलो बालविकास केन्द्र र परिवार नै भएको बताउनुभयो । उहाँले तालिममा सिकेका सीपलाई कक्षाकोठामा व्यवहारिक रूपमा उतार्न शिक्षकहरूलाई आग्रह समेत गर्नुभयो । त्यसैगरी, पिपरा गाउँपालिकाका शिक्षा शाखा प्रमुख श्रवण यादवले रतौली युवा क्लबद्वारा सञ्चालित यस्ता कार्यक्रम आगामी दिनमा पनि

बांकी पृष्ठ २ मा ।

## जलाईद साझेदारी वनको साधारण सभा: संरक्षण, सहभागिता र दिगोपनमा जोड




**मोनु गुप्ता**
**जनकपुरधाम, १३ बैशाख**

जलाईद साझेदारी वन उपभोक्ता समूह, मिथिला नगरपालिका-४ पुष्पवलपुर, धनुषाको पाँचौं साधारण सभा आज आइतबार जनकपुरधाम स्थित उद्योग वाणिज्य संघको सभाहलमा सम्पन्न भएको छ। वन संरक्षण, दिगो व्यवस्थापन तथा उपभोक्ताको सक्रिय सहभागितालाई केन्द्रमा राख्दै आयोजित सभा खुला र बन्द सत्र गरी दुई चरणमा सञ्चालन गरिएको थियो । समूहका अध्यक्ष लालबाबु यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेश वन मन्त्रालयका सचिव जीवनाथ पौडेल प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए । कार्यक्रममा बोल्दै सचिव पौडेलले सामुदायिक तथा साझेदारी वन संरक्षणमा स्थानीय उपभोक्ताको भूमिका अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गर्दै वन स्रोतको दिगो उपयोग सँगै जैविक विविधता संरक्षणमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताए ।

कार्यक्रममा प्रदेश वन निर्देशनालयका निर्देशक जगन्नाथ जयसवाल तथा धनुषाका डिभिजन वन कार्यालय प्रमुख विनोद कुमार सिंह विशिष्ट अतिथिका रूपमा उपस्थित थिए । उनीहरूले वन क्षेत्रको संरक्षण, हरियाली प्रवर्द्धन तथा समुदायमा आधारित वन व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन आवश्यक सहकार्य र जनसहभागितामा जोड दिएका थिए । सभामा धनौजी गाउँ पालिकाका अध्यक्ष राजकिशोर साह, वार्ड अध्यक्ष रामनारायण यादव, संस्थाका

बांकी पृष्ठ २ मा ।







## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक वडापत्रका बारेमा जानकारी राखौं,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा बिचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारविरुद्ध सम्बन्धित निकायमा सम्पर्क गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




## सामाजिक सञ्जालको भ्रमपूर्ण सूचनाले अभिभावकमा अन्योलता कायमै

नेपालमा रास्वपाको सरकार बने सँगै सामाजिक सञ्जालमा विभिन्न अनलाईन मिडियाबाट लेखिएका नीजि विद्यालय बन्द सम्बन्धी भ्रमपूर्ण सूचनाको भ्रम अहिलेसम्म खास गरेर देश तथा विदेशमा बस्ने अशिक्षित अभिभावकहरुमा कायमै रहेको तथ्य व्यक्तिगत भेटघाटबाट बुझिएको छ।

शिक्षित अभिभावकहरुमा सामान्य अन्योलता देखिए पनि नीजि विद्यालय एकैचोटि बन्द भई हाल्छ भन्ने भ्रमपूर्ण सूचनामा शिक्षित अभिभावकवर्गले विश्वास नगरेको तथ्य एक अनुसन्धानबाट बुझिएको छ।

विदेशमा बस्ने अशिक्षित अभिभावकवर्गले आ–आफ्ना घरमा फोन गरी बालेन सरकारले नीजि विद्यालय बन्द गराई सकेको तथा राम्रो सरकारी विद्यालय खोजेर नीजि विद्यालयबाट नाम कटाई छोराछोरीलाई नामाँकन गराउन निर्देशन आएको कुरा समेत घरमा बस्ने महिलाहरुबाट बाहिरिएको छ।

केहि नीजि विद्यालयका संचालकहरुसँग यस सम्बन्धी प्रतिक्रिया लिदा यो कुरा सत्य रहेको साथै आफ्ना विद्यालयबाट केहि विद्यार्थीहरु केहि नभनिकन होस्टेलबाट बाहिरिएको जानकारी गराएका छन्।

सामाजिक सञ्जालको भ्रमपूर्ण सूचना तथा बालेन सरकारको नजरअन्दाजको कारण नीजि विद्यालय प्रतिको डिजिटल आक्रमणले विद्यार्थी नामाँकनमा नराम्ररी प्रभाव पर्ने शिक्षाबिदहरुले बताउँछन्। यस भ्रमलाई व्यवस्थापन गर्न जरुरी रहेको देखिन्छ। साथै नीजि विद्यालय बन्द सम्बन्धी छरिएको भ्रमलाई हटाउन पालिका स्तरबाट जनचेतना फैलाउन आवश्यक रहेको देखिन्छ।

# साह माथि भएको दुर्व्यवहार र ज्यान मार्ने धम्कीको घटनाले सञ्चार क्षेत्र तरंगित

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १३ बैशाख**



महोत्तरीको बर्दिबासमा मधेस प्रदेशका पत्रकार अजयकुमार साह माथि भएको दुर्व्यवहार र ज्यान मार्ने धम्कीको घटनाले सञ्चार क्षेत्र तरंगित बनेको छ।

यस घटनाको नेपाल पत्रकार महासंघ लगायत विभिन्न संचार सम्बद्ध सैघसंस्थाहरुले छुट्टाछुट्टै विज्ञप्ती जारी गरी घटना निन्दा र भत्सर्ना गर्दै दोषीलाई अबिलम्ब कार्वाहीको माग गरेको छ। नेपाल पत्रकार महासंघका मधेस प्रदेश समिति, महोत्तरी र धनुषा शाखाले छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गर्दै घटनाको कडा शब्दमा निन्दा गरेका छन् र दोषीमाथि तत्काल कानुनी कारबाही गर्न माग गरेका छन्।

त्यसैगरी बर्दिवास नगरपत्रकार संजाल र मिथिला नगरपत्रकार संजाल लगायतका विभिन्न संघसंस्थाले विज्ञप्ती जारी गर्दै घटना निन्दा र भत्सर्ना गर्दै दोषीलाई अबिलम्ब कार्वाहीको माग गरेको छ। विज्ञप्तिअनुसार, बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका कोषाध्यक्ष भोजप्रसाद फुयाल (शंकर) ले समाचार सम्प्रेषणकै विषयलाई लिएर पत्रकारमाथि सार्वजनिक स्थानमै गालीगलौज, दुर्व्यवहार गर्नुका साथै ज्यान मार्ने धम्की दिएका थिए।

साहले लेखेको रातोपाटी डटकममा वैशाख १० गते प्रकाशित "बर्दिबास खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको विवाद छताछुल्ल" शिर्षक समाचारको सन्दर्भमा उसको अनुकुलको समाचार नआएको भनेर कोषाध्यक्ष फुयालले गालीगलौज, दुर्व्यवहार गर्नुका साथै ज्यान मार्ने नै धम्की दिएको हो।

नेपाल पत्रकार महासंघ महोत्तरी शाखाले घटनालाई गम्भीर रूपमा लिँदै यस्ता गतिविधिले प्रेस स्वतन्त्रतामाथि ठाडो प्रहार गरेको जनाएको छ। "समाचारप्रति असहमति भए कानुनी बाटो अवलम्बन गर्न सकिने भए पनि पत्रकारमाथि आक्रमण गर्नु अस्वीकार्य छ," विज्ञप्तिमा उल्लेख छ।

त्यसैगरी, धनुषा शाखाले पनि प्रेस स्वतन्त्रता लोकतन्त्रको आधार स्तम्भ भएको उल्लेख गर्दै पत्रकारमाथि भएको धम्की, डरत्रास र दुर्व्यवहारलाई अत्यन्त निन्दनीय र असह्य कार्य भनेको छ।

## जलाईद साझेदारी वनको......................

कार्यालय सचिव गोविन्द गिरी, महिला सदस्य उर्मिला दास लगायत विभिन्न क्षेत्रका प्रतिनिधि, वन उपभोक्ता, स्थानीय बुद्धिजीवी तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

साधारण सभामा संस्थाको वार्षिक प्रगति प्रतिवेदन तथा आर्थिक विवरण प्रस्तुत गरिएको थियो। साथै वन संरक्षण, व्यवस्थापन, अवैध कटानी नियन्त्रण तथा उपभोक्ताको सहभागितालाई थप प्रभावकारी बनाउने विषयमा व्यापक छलफल गरिएको आयोजकले जनाएको छ।

बन्द सत्रमा आगामी कार्ययोजना, संस्थागत सुदृढीकरण तथा वन क्षेत्रको दिगो विकाससम्बन्धी विभिन्न प्रस्तावमाथि छलफल गर्दै आवश्यक निर्णयसमेत गरिएको जनाइएको छ।

# अधिकार सुनिश्चित गर्न प्रदेशलाई जिम्मेवार बनाउने गरी कानुनमा संशोधनको तयारी



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ बैशाख**

सरकारले अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्न प्रदेशलाई जिम्मेवार बनाउने गरी कानुनमा संशोधनको तयारी गरेको छ। अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ मा सरकारले संशोधन गर्न लागेको हो।

अशक्तताको वर्गीकरण अब ऐनमै उल्लेख हुने गरी संशोधन प्रस्ताव गरिएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ऐनको संशोधन मसौदामा राय माग गरेको छ। अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ को संशोधन मसौदामा मन्त्रालयले वैशाख ६ गतेसम्म राय सङ्कलन गरेको हो। मन्त्रालयले तयार गरेको मसौदामा सङ्घ सरकारमातहतमा रहेका अधिकांश अधिकार अब प्रदेश सरकारमातहत जाने उल्लेख छ। मूल ऐनको दफा ४ को उपदफा ७ मा अपाङ्गताको परिचयपत्र दिन नमिल्ने गरी स्थानीय तहबाट भएको निर्णयउपर चित्त नबुभने व्यक्तिले ३५ दिनभित्र मन्त्रालय वा मन्त्रालयले तोकेको अधिकारीसमक्ष उजुरी दिन सक्ने व्यवस्थामा परिमार्जन गरिँदै छ। सो व्यवस्थालाई संशोधन गरी सम्बन्धित प्रदेशको अपाङ्गता क्षेत्र हेर्ने मन्त्रालयले तोकेको अधिकारीसमक्ष उजुरी दिन सक्ने प्रस्ताव गरिएको छ। त्यस्तो उजुरी सम्बन्धमा प्रदेश मन्त्रालयले तोकेको अधिकारीले गरेको निर्णय अन्तिम निर्णय हुने थपिएको छ। मूल ऐनको दफा ४ मा अपाङ्गताको परिचयपत्रसम्बन्धी व्यवस्थामा परिवर्तन गर्ने प्रस्ताव गरिएको छ। सम्बन्धित वडा कार्यालयको सिफारिससहित स्थानीय तहमा निवेदन दिनुपर्ने व्यवस्था रहेकामा अब सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था राखिएको छ। परिचयपत्र पाउन सम्बन्धित व्यक्तिले हाल वडा कार्यालयमा निवेदन दिनुपर्ने र त्यस्तो व्यक्तिले नै वडा कार्यालयको सिफारिस स्थानीय तहमा बुझाउनुपर्ने व्यवस्था छ। प्रस्तावित व्यवस्थाबमोजिम वडा कार्यालयले नै आफ्नो सिफारिससहित सम्बन्धित गाउँ/नगर कार्यपालिकाको कार्यालयमा पठाउनुपर्ने व्यवस्था थपिएको छ। राष्ट्रिय जनगणना-२०७८ अनुसार नेपालमा अपाङ्गता भएका व्यक्तिको कुल सङ्ख्या करिब छ लाख ४७ हजार ७४४ छ। जुन कुल जनसङ्ख्याको करिब २.२ प्रतिशत हो।

## जलेश्वरमा रतौली युवा..............................

निरन्तर रहने विश्वास व्यक्त गर्दै तालिमको सार्थकता कक्षाकोठाको सिकाइ उपलब्धिमा देखिनुपर्नेमा जोड दिनुभयो।

प्रशिक्षक झलकुमारी कार्कीले बालबालिकाको बौद्धिक विकासका लागि चित्र र रचनात्मक माध्यमबाट सिकाउनु पर्ने प्राविधिक पक्षबारे प्रष्ट पार्नुभएको थियो। कार्यक्रमको अन्त्यमा सहभागी शिक्षकहरूलाई प्रमाणपत्र, तालिम सामग्री र झोला (ब्याग) वितरण गरिएको थियो। कार्यक्रममा रतौली युवा क्लबका अध्यक्ष शाकिर खान, पिपरा गाउँपालिकाका शिक्षा शाखा प्रमुख श्रवण यादव, शिक्षा अधिकृत गोविन्द लाल कर्ण, शिवशंकर चौधरी र मुख्य प्रशिक्षक झलकुमारी कार्की सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो।

## तपाईको टुडे

मेष: अनावश्यक चिन्ता
वृष: खानपानमा समस्या आउने
मिथून: पिछ्डेको साथी मिल्ने
कर्कट: मित्रतामा फाटो आउने
सिंह: लामो यात्राको योग छ
कन्या: विचार गरेर बोल्नुहोला
तुला: आम्दानी हुने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: अनावश्यक खर्चको संभावना
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: मनमा पछुतो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ट्रम्प सहभागी कार्यक्रममा बन्दुकधारीको आक्रमणपछि विश्व नेताहरूले के भने ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ बैशाख**




वासिङ्टनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको उपस्थितिमा भएको ह्वाइट हाउस संवाददाताहरूको रात्रिभोजका क्रममा एक बन्दुकधारीले आक्रमण गरेपछि विश्वभरका नेताहरूले यसको कडा निन्दा गर्दै गहिरो दुःख व्यक्त गरेका छन् ।

अमेरिकी कानुन प्रवर्तन निकायले शटगन, ह्यान्डगन र धेरै चक्कुसहित एक संदिग्धलाई नियन्त्रणमा लिएको छ, जसले सोमबार सङ्घीय अदालतमा अभियोगको सामना गर्नेछ । यस घटनाले विश्व राजनीतिमा हलचल पैदा गरेको छ भने बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले प्रजातान्त्रिक संस्था र प्रेस स्वतन्त्रतामाथिको यस्तो आक्रमणलाई स्तब्धकारी र निन्दनीय बताएका छन् ।

फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोँले लोकतन्त्रमा हिंसाको कुनै स्थान नरहेको उल्लेख गर्दै राष्ट्रपति ट्रम्पप्रति पूर्ण सहानुभूति प्रकट गरेका छन् । यसैगरी इजरायली प्रधानमन्त्रीले राष्ट्रपति ट्रम्प र उनकी पत्नीको हत्या प्रयासले आफूलाई स्तब्ध बनाएको उल्लेख गर्दै अमेरिकी गुप्तचर सेवाको द्रुत कार्यको प्रशंसा गरेका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि राष्ट्रपति, प्रथम महिला र उपराष्ट्रपति सकुशल रहेकोमा राहत व्यक्त गर्दै लोकतन्त्रमा हिंसाको स्पष्ट निन्दा गरेका छन्। क्यानडाका प्रधानमन्त्री र मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनवामले पनि ट्रम्प दम्पती सुरक्षित रहेकोमा खुसी व्यक्त गर्दै हिंसालाई राजनीतिक विरोधको विकल्प बनाउन नहुनेमा जोड दिएका छन् । स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेज, हङ्गेरीका निवर्तमान प्रधानमन्त्री भिक्टर ओर्बान र युरोपेली सङ्घका विदेश नीति प्रमुख काजा कलासले पनि राजनीतिक हिंसा लोकतन्त्रका लागि घातक हुने भन्दै यसको विरोध गरेका छन् । पाकिस्तानी प्रधानमन्त्री शहबाज शरिफले पनि घटनाले आफूलाई स्तब्ध पारेको बताउँदै राष्ट्रपति ट्रम्पको सुरक्षा र कल्याणको कामना गरेका छन् ।

# नेपाल रेल्वे सेवालाई प्रभावकारी बनाउन मालवाहक सेवा र चुहावट नियन्त्रण आवश्यक : महानिर्देशक पोखरेल

**ओ पी साह**
**जनकपुरधाम, १३ बैशाख**



नेपालको एकमात्र रेल सेवा सस्तो, आरामदायी र भरपर्दो यात्राका लागि परिचित रहेकाले यसको सम्भावनालाई अझ प्रभावकारी ढंगले उपयोग गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। नेपाल रेल्वे सेवालाई केवल यात्रु सेवामा सीमित नराखी मालवाहक सेवासमेत विस्तार गर्न सके यसलाई नाफामूलक र दिगो बनाउन सकिने निष्कर्ष निकालिएको छ ।

रेल विभागका महानिर्देशक हरीकुमार पोखरेल ले जनकपुरधाममा आयोजित एक अर्थपूर्ण छलफल कार्यक्रममा नेपाल रेल्वेको भविष्य, सम्भावना र सुधारका उपायबारे धारणा राख्दै रेल सेवालाई व्यावसायिक रूपमा अघि बढाउन मालवाहक सेवा विस्तार अपरिहार्य रहेको बताए। उनले नेपाल रेल सेवा देशको गौरवको विषय भएको उल्लेख गर्दै यात्रु सेवासँगै मालसामान ढुवानी सेवा जोड्न सकिए आम्दानीको दायरा बढ्ने र सञ्चालन खर्च व्यवस्थापन गर्न सहज हुने बताए। "नेपाल रेल सेवा सस्तो, सहज र भर पर्दो यातायातको माध्यम हो, यसलाई नाफामूलक बनाउन अब मालवाहक सेवातर्फ पनि गम्भीर रूपमा सोच्नुपर्छ," पोखरेलले भने। पोखरेलका अनुसार रेल सेवालाई आर्थिक रूपमा सक्षम बनाउन आन्तरिक चुहावट नियन्त्रण, प्रशासनिक सुधार र अनावश्यक राजनीतिक हस्तक्षेप अन्त्य गर्नु आवश्यक छ। उनले रेल सेवामा अनावश्यक राजनीतिक नियुक्ति, संरचनागत कमजोरी तथा व्यवस्थापनमा देखिएका त्रुटि सुधार नगरेसम्म अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुने स्पष्ट पारे। नेपाल रेल्वे सेवाको प्रभावकारिता, आर्थिक सम्भावना र दीर्घकालीन व्यवस्थापनका विषयमा जनकपुर उद्योग वाणिज्य संघ, नागरिक समाज, व्यवसायी तथा अन्य सरोकारवालासँग अर्थपूर्ण छलफल भएको उनले जानकारी दिए ।

# सामुदायिक कुकुर बन्ध्याकरण तथा रेविज खोप शिविर सम्पन्न

**ओपी साह**
**जनकपुरधाम, १३ बैशाख**



छाडा कुकुरको संख्या नियन्त्रण तथा रेविज रोग न्यूनीकरण गर्ने उद्देश्यले जनकपुरधाम उपमहानगरपालिकामा सञ्चालित सामुदायिक कुकुर बन्ध्याकरण तथा निःशुल्क रेविज खोप शिविर सम्पन्न भएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाको आयोजना तथा नेपाल एग्री लाइभस्टक ट्रेनिङ एण्ड रिसर्च सेन्टरको प्राविधिक सहयोगमा वैशाख ११ गतेदेखि सुरु भएको शिविर आज वैशाख १३ गते आइतबार सम्पन्न भएको हो।

शिविरमा २३० कुकुरको बन्ध्याकरण गर्ने लक्ष्य राखिएकोमा अपेक्षाभन्दा बढी २३४ सामुदायिक कुकुरको सफलतापूर्वक बन्ध्याकरण गरी रेविज विरुद्धको खोपसमेत लगाइएको पशुपंक्षी विकास शाखाले जनाएको छ । कार्यक्रमबारे जानकारी दिँदै जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज कुमार साहले छाडा कुकुरको बढ्दो समस्याले मानिस तथा पशुपन्छीमा जोखिम बढाउँदै लगेकाले यसलाई नियन्त्रण गर्न बन्ध्याकरण कार्यक्रम प्रभावकारी उपाय भएको बताए। उनले पशु स्वास्थ्य अधिकारसम्बन्धी कानुनी व्यवस्थाअनुसार कुकुर मार्न नमिल्ने भएकाले यस्तो मानवीय विधि अपनाइएको उल्लेख गर्दै कार्यक्रमलाई सफल बनाउन सबैको सहयोग आवश्यक रहेको धारणा व्यक्त गरे।

त्यस्तै, पशुपंक्षी विकास शाखाका डा. अमर कुमार साहले सामुदायिक कुकुर को संख्या घटाउन तथा रेविजको जोखिम न्यूनीकरण गर्न नियमित रूपमा यस्ता शिविर सञ्चालन गरिने जानकारी दिए। डा. साहको संयोजकत्वमा नगर क्षेत्रभित्रका सामुदायिक कुकुरहरूको बन्ध्याकरण (स्पेइङ तथा न्युटरिङ), रेविज विरुद्धको खोप तथा आवश्यक उपचार गरिएको हो ।

# चेन्नईलाई हराएर गुजरात पाँचौंमा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ बैशाख**



गुराजत टाइटन्सले इन्डियन प्रिमियर लिग ( आईपीएल) २०२६ मा आइतबार चेन्नई सुपर किंग्सलाई आठ विकेटले पराजित गर्दै प्ले अफका लागि आफ्नो दाबेदारी प्रस्तुत गरेको छ। चेन्नईमा भएको खेलमा जितका लागि १ सय ५९ रनको लक्ष्य पाएको गुजरातले दुई विकेट गुमाएर २० बलको खेल बाँकी छँदै १ सय ६२ रन बनायो ।

त्यसमा ओपनर साई सुदर्शनले ८७ रन बनाए । उनले ४६ बलमा चार चौका र सात छक्का प्रहार गरे । साईले कप्तान शुभमन गिलसँग पहिलो विकेटका लागि ५८ रनको साझेदारी गरे । शुभमन २३ बलमा ३३ रन बनाएर आउट भए । त्यसपछि साईले जस बटलरसँग मिलेर थप ९७ रनको साझेदारी गरे । बटलरले नटआउट रहेर ३० बलमा ३९ रन बनाए । उनले छक्का प्रहार गर्दै जितको औपचारिक पूरा गरे । उनको इनिङ्समा चार चौका र एक छक्का सामेल थियो ।

यो जितपछि गजुरातको ८ अंक भएको छ र पाँचौं स्थानमा उक्लेको छ। चेन्नई भने ६ अंकमै सीमित रह्यो। त्यस अगाडि पहिले ब्याटिङ ब्याटिङको निम्तो पाएको चेन्नईले सात विकेटमा १ सय ५८ रन बनाएको थियो र यसमा सबैभन्दा ठूलो योगदान रह्यो, कप्तान ऋतुराज गायाकवाड । ओपनरका रूपमा उनले ६० बलमा ७४ रन बनाए र नटआउट पनि रहे । उनको ब्याटबाट छ चौका र चार छक्का निस्केको थियो । उनलाई छाडेर अरू खासै योगदान दिन सकेनन् ।

शिवम दुबेको २२ रन नै दोस्रो ठूलो व्यक्तिगत स्कोर थियो, त्यसैले चेन्नई चुनौतीपूर्ण लक्ष्य प्रस्तुत गर्न असफल रह्यो । गुजरातका बलरमध्ये दक्षिण अफ्रिकाका कगिसो रबाडा सबैभन्दा सफल रहे र उनले २५ बलमा दुई विकेट लिए ।

# काव्या हस्पिटलको ८औँ वार्षिकोत्सवमा रक्तदान र निःशुल्क स्वास्थ्य शिविर

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम,१३ बैशाख**



जनकपुरधाम-९ स्थित काव्या हस्पिटल प्रा.लि. ले आफ्नो ८औँ वार्षिकोत्सव विविध सामाजिक कार्यक्रमका साथ मनाएको छ । वार्षिकोत्सवको अवसरमा अस्पतालले बृहत् रक्तदान कार्यक्रम तथा निःशुल्क थाइराइड परीक्षण शिविर आयोजना गरेको हो ।

'रक्तदान, जीवनदान' भन्ने नारासहित आयोजित रक्तदान कार्यक्रममा चिकित्सक, स्वास्थ्यकर्मी र स्थानीय युवाहरूको उत्साहजनक सहभागिता देखिएको थियो । बैशाख १३ गते बिहानदेखि सञ्चालन गरिएको उक्त कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी धनुषाको प्राविधिक सहयोग रहेको थियो । संकलित रगतले जिल्लामा देखिएको रगत अभाव न्यूनीकरणमा टेवा पुग्ने विश्वास गरिएको छ । यसअघि, बैशाख १२ गते आयोजित निःशुल्क स्वास्थ्य शिविरमा विशेषज्ञ चिकित्सकहरूले थाइराइडसम्बन्धी परीक्षण तथा परामर्श दिएका थिए । शिविरमा आएका बिरामीलाई आवश्यक औषधिसमेत निःशुल्क वितरण गरिएको अस्पतालले जनाएको छ । अस्पतालका सञ्चालक डा. एस.के. सिंहले वार्षिकोत्सवलाई सामाजिक उत्तरदायित्वसँग जोड्दै सेवामूलक कार्यक्रम सञ्चालन गरिएको बताए ।

# आइतबारको वर्षाले महोत्तरीको जलेश्वर जलमग्न

**रासस**
**महोत्तरी, १३ बैशाख**



महोत्तरीको जलेश्वरमा १३ वैशाखका दिन आँधीहुरीसँगै आएको असिना पानीले बजार क्षेत्र जलमग्न बनेको छ ।

जलेश्वर नगरका चोकहरू र सडकहरू डुबानमा परेपछि पैदल हिँडडुल र सवारीसाधन सञ्चालनमा समस्या आएको छ। सरकारी तथा गैरसरकारी कार्यालय परिसरमा पानी पसेर जलमग्न भएको र ढल निकासको अभावले डुबान समस्या बढेको स्थानीयले बताएका छन् ।

१३ वैशाख, महोत्तरी । आँधीहुरीसँगै आएको असिना पानीका कारण महोत्तरीको सदरमुकाम जलेश्वर जलमग्न बनेको छ ।

जलेश्वर नगरभित्रका प्रायःजसो सडक डुबानमा परेपछि सडकमा पैदल हिँडडुल गर्न समस्या भएको छ। सडकमा सवारीसाधन गुडाउन पानी निकास हुन नसक्दा जलेश्वर को नगरपालिका चोक, शङ्कर चोक, मीना बजार, महेन्द्र चोक, अस्पताल चोक, खैरा चोक, अस्पताल चोकलगायत स्थान जलमग्न बनेको छ । समेत नसकिएको स्थानीयले बताएका छन् । सदरमुकामस्थित सरकारी तथा गैरसरकारी कार्यालय परिसर पानी पसेर जलमग्न बनेको छ ।

जलेश्वरमा ढल निकासको व्यवस्था राम्रो नभएका कारण सामान्य वर्षा हुँदा समेत यहाँ बजार क्षेत्र डुबानमा पर्ने गरेको छ ।

# बोर्डरल्याण्डको आफ्नै 'इकोसिस्टम' हुन्छ




-झण्डै एक हप्ता यतादेखि नेपाल भारत सीमाहरुमा सशस्त्र प्रहरीले माइकिंग गर्दै अब भारतबाट नेरु १०० भन्दा अधिकको सामान ल्याउँदा अनिवार्य भन्सार तिरेर मात्र ल्याउनु भनी सूचना जारी गरिरहेका छन् । राजस्व चुहावट नियन्त्रणका लागि भन्सार नाकामा कडाइ गरिएको छ । नेपालमा राजस्व चुहाबट हुने नहुने कुरा भन्सार प्रणाली हाँक्ने हाकिम र नियामक निकायहरुको नियतमा भरपर्ने गर्दछ। सामान्यता, प्रचलित कानून, नियम वा भन्सार प्रक्रियाको उल्लंघन गरी प्रतिबन्धित वा कर छली गरेर वस्तु, मुद्रा वा मानिसहरुलाई अवैधरुपमा एक स्थानबाट अर्को स्थानमा वा सिमाना पार गराउने गम्भीर अपराध हो जसले कुनै पनि राज्यको अर्थतन्त्रमा ठूलो क्षति पुर्याउनुको साथै समाजमा विभिन्न प्रकृतिको अपराधलाई समेत प्रोत्साहन गरिरहेको हुन्छ ।

नेपालमा तस्करीको जालो अन्तर्राष्ट्रिय बिमानस्थलदेखि उत्तर र दक्षिण नाकाहरुबाट हुँदै आएको तथ्यहरुबारे कोही पनि बेखर नहुने पर्ने हो । नेपाल भारतबीच केवल खुला सीमाको कारण नै राजस्व चुहाबट हुन्छ भन्नु अतिश्योक्तिपूर्ण लाग्छ । मधेशका जिल्लाहरुमा सरुवा भएर आउन प्रहरी प्रशासन र भन्सार कर्मचारीहरू पशुपतिनाथलाई भाकल मानेर आउने गर्छन् भनी ठठ्यौली भनाइ धेरैले सुनेको हुनुपर्दछ । पुराना दलहरुले सत्ता सम्हालिरहँदा मधेशका जिल्ला हेरीहेरी सरुवाको चिठ्ठी दिनुभन्दा पहिला जिल्ला हाँक्न चाह्ने प्रहरी प्रशासनसँग सौगात बुझ्ने चलन थियो। अहिले केही दिनदेखि मधेश प्रदेशमा नेपाल प्रहरीका उच्च पदस्तदेखि तल्ला स्तरको कर्मचारीहरुको तस्करसँगको आर्थिक साँठगाँठको जालो कति भयावह रहेको छ भनी सार्वजनिक भएका अडियो क्लिपहरुले प्रस्ट पारेको छ ।

बेलाबखत तस्कर र सुरक्षा निकायहरुबीचको लेनदेनको हिसाबमा फरक पर्न जाँदा एकअर्कामाथि जानलेवा हमला गरेको घटनाहरु पनि राष्ट्रिय मिडियामा सार्वजनिक भइरहन्छ। लेख्नेले तस्कर र प्रहरीबीचको सम्बन्धमा आधारित प्रमाण सहितको निवन्धहरु लेखेका छन्। काठमाडौँबाट सिमाञ्चलमा हलचल मच्चाउने सोच राखेको सरकारले यदि दुई तिहाइको अपार बहुमतका आधारमा त्यहाँको सामाजिक-आर्थिक 'इकोसिस्टम' माथि अव्यावहारिक नियन्त्रण गर्न सकिन्छ भन्ने ठानेको छ भने त्यो गम्भीर भूल हुनेछ। 'सुपर-सम्भ्रान्त सरकार' ले नेपाल-भारतबीच परम्परादेखि कायम खुला सीमाको जीवन्ततालाई कमजोर पार्ने प्रयास नगर्नु नै उपयुक्त हुनेछ ।

नेपालको दक्षिणी मैदानको बोर्डरल्याण्डमा नयाँ सरकारले गर्न खोजेको प्रयोग हेर्दा एउटा सामान्य प्रश्न उठाइ हाल्न उचित ठान्दछु। पुराना सरकारले नै ल्याएको नियम कानून भए तापनि १०० रुपैयाँ मूल्य बराबरको सामान ल्याउन चाहिँ किन छुट दिइएको होला ? मधेशको मैदानी फाँटमा नेपालको कूल जनसंख्याको आधा बसोबास गर्दछन्। भारतको २२ र नेपालको २६ जिल्लाहरु खुला नाका साझा गर्दछ। नयाँ भनिने सरकारले पनि १०० रुपैयाँ बराबरको सामानमा भन्सार छुट दिनैपर्ने त्यस्तो के बाध्यता होला र ? यद्यपि खुला सीमानाको कारण राजश्व छली हुँदैन भन्ने ध्येय यो लेखको छैन । अन्तर्राष्ट्रिय विमानस्थलबाट तस्करी, राजस्व छली हुने देशमा खुला सीमानाकाबाट राजश्व चुहाबट हुँदैन भन्नु झुठ बोल्नु हो ।

डा. बाबुराम भट्टराई अर्थमन्त्री रहेको बेला आर्थिक वर्ष २०६५/०६६ सालमा तत्कालीन सरकारले लक्ष्यभनदा बढी राजस्व उठाएर नयाँ रेकर्ड बनाएको थियो तर सिमाञ्चलमा बसोबास गर्ने आम नागरिकमाथि कुनै केरकार गरिएको थिएन । भन्सारबाट राजश्व उठाउने लक्ष्य राख्ने सरकारको नियत र दक्षतामा भर पर्ने हो। नयाँ र अति शक्तिशाली भनिएको सरकारले चाहेर पनि कुनै किसिमको अव्यवहारिक नियम कार्यान्वयण किन गर्न सक्दैन ? वा भानौँ, नेपाल-भारत सीमामा कुनै नियम थोपार्नुभन्दा पहिला सिमाञ्चलवासीको मनोविज्ञानलाई किन अनदेखा गर्नुहुँदैन भनी केही चर्चा गरौँ । सीमा क्षेत्रहरु तीन प्राथमिक वर्गमा पर्दछन्। पहिलो, न्यूनतम (मिनिमल बोर्डरल्याण्ड) जहाँ जातीय वा साँस्कृतिक सम्बद्धता हुन्छ। दोस्रो, शून्य सीमा क्षेत्रहरु (जिरो बोर्डरल्याण्ड) जहाँ सीमाको विपरीत पक्षमा बस्ने मानिसबीचको चरम वैचारिक र धार्मिक विरोधको कारणले हुने घर्षणका क्षेत्रहरु हुन्छन् । तेस्रो, अधिकतम सीमा क्षेत्रहरु ( मेक्सिमल बोर्डरल्याण्ड) जहाँ भाषिक, साँस्कृतिक, पुर्खा वा अन्य आत्मीयता साझा गर्ने मानिसहरु बस्छन् । नेपाल भारतबीचको सीमा अधिकतम सीमा क्षेत्रमा पर्दछ जुन 'सभ्यता र मित्रता'को लोकाचारमा आधारित रहँदै आएको सास्वत इतिहास छ। १८१६ को सुगौली सन्धिपश्चात् भौगोलिक सिमाङ्कन भए पनि यस क्षेत्रको सामाजिक, साँस्कृतिक परिदृष्यको विभाजन कसैले चाहेर पनि गर्न नसक्ने प्रकृतिको छ। प्रत्येक वर्ष हजारौँ नेपाली तीर्थयात्रीहरु भारतको ऋषिकेश, अयोध्या, वाराणसि, गाया, प्रयाग, हरिद्वारजस्ता प्राचिन शहरहरुको भ्रमण गर्छन। केहीवर्ष पहिला मात्र लाखौँ नेपालीहरु कुम्भ स्नान गर्न गएका थिए ।

प्रत्येक दिन सैयौँ नेपालीहरु गंगामा आफ्न्तको अस्तु विसर्जन गरेर फर्कने गर्छन् । तिर्थयात्राबाट फर्कदा सय रुपैयाँभन्दा अधिकको प्रसाद र आवश्यक वस्तु खरिद गरेर ल्याउने गरेका हुन्छन् । दुई देशबीच वैवाहिक आदान प्रदानको अकाट्य परम्परा छ । त्यतिमात्रै होइन, भारत अहिले पनि नेपालबाट श्रम गर्न जानेहरुका लागि सहज र पायक गन्तव्य हो । गरिव परिवारका नेपाली युवाहरु अहिले पनि भारतका ठूला शहरहरुमा स्याना व्यापार व्यवसाय गरिरहेका छन्। होटलमा काम गर्छन् विभिन्न निजी र सरकारी कम्पनीहरुमा जागिर गर्छन्। उपलब्ध तथ्यांकहरु हेर्दा लगभग ३५ देखि ६० लाख नेपालीहरु भारतमा मात्र काम गर्ने गरेका छन् । के उनीहरुले सय रुपैयाँ भन्दा बढिको सामान आफ्नो घर पठाउँदा काठमाडौँलाई राजस्व बुझाउनुपर्ने हुन्छ । यी तथ्यहरुमाथि बहस हुनु आवश्यक छ। 'नेपालमा क्षेत्रीयता र राष्ट्रिय एकता' पुस्तकका लेखक एवम् अध्येता फ्रेडरिक एच.गेज लेख्नुहुन्छ, तराईमा धान बाहेक सनपाट, सुर्ती, तेलहन, उखु, जडिबुटी, मसला, काठ, छाला र अन्य धेरै कृषि उपजहरु ससाना परिमाणमा उत्पादन हुने गर्थे । यी सबै वस्तुहरुको बेचबिखनका लागि व्यापारिक सञ्जाल बसिसकेको थियो । तराईका गाउँका यस्ता सामान तराईका सहरबजार हुँदै भारतका प्रमुख सहरहरुमा पुग्ने गर्थे ।

केही व्यपारीहरुले एउटाभन्दा बढी सामानको कारोबार गर्थे । तराई खाद्यान्न बचत हुने ठाउँ भए पनि यहाँका धेरैजसो किसानहरू निर्वाहमुखी अर्थतन्त्रमा बाँचेका थिए। तराईमा उत्पादित वस्तुहरुको व्यापारले तराई र भारतबीचको आर्थिक सम्बन्धलाई सुदृढ बनाएको थियो जसको सञ्जाल भारतका सहरी केन्द्रहरुबाट नेपाल भारत सीमाका बजार हुँदै तराईका गाउँसम्म फैलिएको थियो। नेपालका प्रख्यात अर्थशास्त्री बद्रीप्रसाद श्रेष्ठका अनुसार नेपालको ८८ प्रतिशत औद्योगिक लगानी तराईमा भएको थियो र नेपालको भन्डै शतप्रतिशत श्रम शक्ति तराई मै थियो । सन् १९६७ मा नेपालमा खुलेका २८ वटा सार्वजनिक कम्पनीमध्ये १७ वटा तराईमा थिए । नेपालमा खुलेको साना उद्योगहरुको ७२ प्रतिशत उद्योगहरु तराई मै थिए । आजको अवस्था यो छ कि, खाडी मुलुकमा मजदुरी गर्न जानेहरुको ठूलो संख्या मधेशबासी कै छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको नेपालमा प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धी सर्वेक्षण प्रतिवेदन (२०२२-०२३) अनुसार, नेपालका सात प्रदेशहरुमध्ये बागमती प्रदेशले एफडीआईको सबैभन्दा अधिक (५९.७ प्रतिशत) हिस्सा प्राप्त गरेको छ। त्यसपछि गण्डकी १५ प्रतिशत र मधेश प्रदेशले ८.८ प्रतिशत। कूल २९५.५ अर्बको १ प्रतिशतभन्दा पनि कमको हिस्सा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशले प्राप्त गरेको छ ।


नेपालमा तस्करीको जालो अन्तर्राष्ट्रिय बिमानस्थलदेखि उत्तर र दक्षिण नाकाहरुबाट हुँदै आएको तथ्यहरुबारे कोही पनि बेखर नहुने पर्ने हो । नेपाल भारतबीच केवल खुला सीमाको कारण नै राजस्व चुहाबट हुन्छ भन्नु अतिश्योक्तिपूर्ण लाग्छ । मधेशका जिल्लाहरुमा सरुवा भएर आउन प्रहरी प्रशासन र भन्सार कर्मचारीहरू पशुपतिनाथलाई भाकल मानेर आउने गर्छन् भनी ठठ्यौली भनाइ धेरैले सुनेको हुनुपर्दछ । सर्वसाधारणबाट सरकारको अव्यवहारिक नीतिको बिरोध गर्न थालेपछि राष्ट्रिय स्वतन्त्र पार्टीका केही सांसद र पदाधीकारीहरुको अभिव्यक्ति आउन थाल्यो-होइन, आम गरिब जनताका लागि कुनै किसिमको रुकावट हुनेछैन। जबकि मधेशका कैयन जिल्लाहरुबाट सशस्त्र प्रहरीले घरायसी प्रयोजनका लागि ल्याउने सामान यसरी खोसिरहेका छन्, मानौँ कुनै नामुद अपराधी समातिएको होस्। विडम्बना कस्तो भने, शुक्रबार (वैशाख ११) को दिन मधेश प्रदेशको सर्लाहीबाट भारततिर तस्करी गरी पठाइएको चिनियाँ लसुन र काँक्रो बीउ भारतीय प्रहरी नियन्त्रणमा लिएको समाचार आउँछ ।

सोही दिन पर्सा जिल्लाका विभिन्न स्थानबाट २२ थान इलेक्ट्रिक स्कुटर नियन्त्रणमा लिएको समाचार पनि आयो । यी दुई समाचारले फेरि केही प्रश्न उब्जाउँछ। बन्दुक लिएर सीमामा चौकिदार बसिरहँदा सर्लाहीबाट लसुन र बीउको तस्करी कसरी सम्भव भएको होला ? भारतबाट राजश्व २२ थान छलेर इलेक्ट्रिक इलेक्ट्रिक स्कुटर कसरी भित्रिए होलान् ? मधेश प्रदेशका ८ जिल्लाहरुमा सशस्त्र प्रहरी बलको बोर्डर आउट पोस्ट (बीओपी) को संख्या बढ्ने क्रम निरन्तर जारी छ । जसरी सबै सुरक्षाकर्मी र प्रशासक भ्रष्ट हुनसक्दैन, त्यसरी नै- सबै आम नागरिक तस्कर हुँदैन ।

**सांभार : नेपाल प्रेस ।**



बलबा नगरपालिका महोत्तरीमा रहेको प्राचीन कारिक बाबा स्थानको पूर्वपट्टी रहेको सुन्दर पोखरीको मनोरम दृश्य। फोटो :पवनकुमार साह




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday